# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०७/०८०/०८१ मितिः२०८०/०७/१३

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या ०७/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०७/१३**

मिति २०८०/०७/१३ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो।

**२. भगिनी सम्बन्ध तथा जापानी प्रतिनिधिको भ्रमण सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको पूर्व निर्णय बमोजिम मित्रराष्ट्र जापानको इवाते प्रान्तको तोनो शहरसँग यस नगरपालिकाले भगिनी सम्बन्धमा स्थापना गर्ने शिलशिलामा उक्त नगरका मेयरको नेतृत्वमा एक प्रतिनिधिमण्डल मिति २०८०/०७/२२ गते यस नगरपालिकामा भ्रमण गर्ने कार्यक्रम तय भएको हुँदा उक्त भ्रमणको समयमा यस नगरपालिकाको आर्थिक, सामाजिक,साँस्कृतिक, ऐतिहासिक स्थानहरुको भ्रमण तथा सो पश्चात भगिनी सम्बन्ध स्थापना सम्बन्धि समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम तय गरियो ।उक्त भ्रमण तथा कार्यक्रम सफल बनाउन कार्यालयबाट आवश्यक व्यवस्थापन गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**३. हेभी मेसिनरी सञ्चालन तथा व्यवस्थापन कार्यविधिमा थप ।**

यस नगरपालिकाको हेभी मेसिनरी सञ्चालन तथा व्यवस्थापन (संशोधन सहित) कार्यविधि, २०७५ को दफा ३ को उपदफा (४) मा देहाय बमोजिम बुँदा थप गरिएको छ ।

**देहायः**

**घ. यस उपदफा बमोजिम निःशुल्क पठाईने यान्त्रिक उपकरणका लागि आवश्यक पर्ने इन्धन नगरपालिकाबाट व्यहोरिने छ ।**

**४. नदीजन्य पदार्थको विक्री कर संकलन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका भित्र आइइइ गरी तोकिएका क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री सम्बन्धि कार्यका लागि नगर कार्यपालिकाको कार्यालयबाट प्रथम पटक मिति २०८०/०५/२० गते र मिति २०८०/०६/२२ गते दोश्रो पटक बोलपत्र आह्वान गरी सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र नपरेको सन्दर्भमा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि,२०७५ बमोजिम डाक बढाबढका माध्यमबाट ठेक्का बन्दोवस्ति हुन सूचना प्रकाशन गर्ने र उक्त अवधिसम्मका लागि नदीजन्य पदार्थको कर संकलनका लागि देहाय बमोजिम व्यवस्था गर्ने निर्णय गरियो ।

(१) (१) अर्जुनधारा नगरपालिका वडा नं १,२,३,४,५ र ७ मा निश्चित नाकाहरु तोकी सो नाकामा बसी कर संकलन गर्ने कार्यका लागि सम्बन्धि वडाका वडाध्यक्ष तथा कार्यपालिका सदस्यको सिफारिसमा अनुसुची (१) बमोजिम र बुद्धशान्ती गाउँपालिका तर्फको नाकाका लागि गाउँपालिकाबाट सिफारिस भएका स्वयम्सेवक खटाउने ।

(२) बुँदा नं (१) बमोजिम खटिने स्वयंसेवकका लागि सम्बन्धित वडा अध्यक्ष वा कार्यपालिका सदस्यले नगर कार्यपालिकाको कार्यालयबाट रसिद बुझी जिम्मा दिने र संकलित रकम बैंक दाखिला गर्ने आवश्यक व्यवस्था मिलाउने ।

(३) बुँदा नं (१) बमोजिम खटिने स्वयमसेवकलाई प्रतिदिन अदक्ष कामदारको ज्याला (जिल्ला दररेट अनुसार) र खानाखाजा बापत दैनिक रु २००/- का दरले र सुपरीवेक्षकलाई दैनिक रु ४०० खानाखाजा खर्च उपलब्ध गराउने ।

(४) उक्त अवधिमा हुन सक्ने अनाधिकृत उत्खनन, चोरि निकासी तथा राजश्व चुहावटको निरीक्षण, अनुगमन गर्नका लागि सबै वडामा सम्बन्धित वडाको अध्यक्षको संयोजकत्वमा निगरानी समूह गठन गरी खटाउने ।

**(अनुसुची १)**

**निर्णय नं ४ सँग सम्बन्धित**

| सि.नं. | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | टिका पौड्याल | अर्जुनधारा-४ | कर संकलन |
| २ | सौरभ आचार्य | अर्जुनधारा-३ | कर संकलन |
| ३ | सुरेन्द्र आले | अर्जुनधारा-३ | कर संकलन |
| ४ | उदय मगर | अर्जुनधारा-२ | कर संकलन |
| ५ | मुना खड्का | अर्जुनधारा-७ | कर संकलन |
| ६ | सागर कार्की | अर्जुनधारा-५ | कर संकलन |
| ७ | सनिम तामाङ्ग | अर्जुनधारा-५ | कर संकलन |
| ८ | किशोर लामिछाने | अर्जुनधारा-५ | कर संकलन |
| ९ | अम्बिकाप्रसाद दाहाल | अर्जुनधारा-१ | कर संकलन |
| १० | कमल खवास | अर्जुनधारा-३ | कर संकलन |
| ११ | आदर्श पोखरेल | अर्जुनधारा-१ | कर संकलन |
| १२ | भरत मोक्तान | अर्जुनधारा-९ | सुपरीवेक्षक |
| १३ | तिलक येक्तेन | अर्जुनधारा-१ | सुपरीवेक्षक |